# नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

## खण्ड ५, संख्याः २३, मंसिर २३ गते, २०७८ साल


व्यास नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग २

## सामुदायिक विद्यालयमा कार्यरत प्राथमिक तहका शिक्षकको स्वेच्छिक अवकास योजना सम्बन्धी कार्यविधि,२०७८

नगर कार्यपालिकाबाट स्वीकृत मिति:२०७८।८।२३

**प्रस्तावनाः** व्यास नगरपालिका अन्तर्गत सञ्चालित प्राथमिक विद्यालयमा कार्यरत स्थायी शिक्षकहरुलाई दरबन्दी मिलान गर्ने कार्यमा सहजीकरण गर्न वाञ्छनीय भएकोले व्यास नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ (१) र व्यास नगरपालिका शिक्षा ऐन, २०७५ को दफा ५० ले दिएको अधिकार प्रयोग गरी व्यास नगरपालिका नगर कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

### परिच्छेद १
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "सामुदायिक शिक्षकको स्वेच्छिक अवकास योजना सम्बन्धी कार्यविधि,२०७८ रहेको छ ।

(२) यो कार्यविधि व्यास नगरपालिका क्षेत्रभर लागु हुनेछ ।

(३) यो कार्यविधि व्यास नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "ऐन" भन्नाले व्यास नगरपालिका शिक्षा ऐन, २०७५ सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले व्यास नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्छ ।

(ग) "नगरपालिका" भन्नाले व्यास नगरपालिका सम्झनु पर्छ ।

(घ) “नगर शिक्षा अधिकारी” भन्नाले व्यास नगरपालिकाको सामाजिक विकास अन्तर्गत पर्ने शिक्षा, युवा तथा खेलकुद शाखाको प्रमुख वा प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारी सम्झनु पर्छ ।

(ङ) “नगर शिक्षा समिति” भन्नाले व्यास नगरपालिका शिक्षा नियमावली २०७६ को परिच्छेद ४ को नियम २४ बमोजिम गठित समिति सम्झनु पर्छ ।

(च) “प्रमुख” भन्नाले व्यास नगरपालिकाको प्रमुख सम्झनु पर्छ ।

(छ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले व्यास नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(ज) “विद्यालय” भन्नाले व्यास नगरपालिकाका सामुदायिक विद्यालय सम्झनु पर्छ ।

(झ) “शिक्षक” भन्नाले व्यास नगरपालिकाका सामुदायिक विद्यालयमा कार्यरत प्राथमिक तहका स्थायी शिक्षक तथा प्रधानाध्यापक सम्झनु पर्छ ।

(ञ) “शिक्षा युवा तथा खेलकुद शाखा” भन्नाले व्यास नगरपालिकाको सामाजिक विकास अन्तर्गत रहेको शिक्षा, युवा र खेलकुद क्षेत्र हेर्ने विभाग वा शाखा सम्झनु पर्छ ।

(ट) “स्वेच्छिक अवकास” भन्नाले शिक्षकहरुले अनिवार्य अवकासका लागि उमेर हद भन्दा अगावै स्वेच्छिक रुपमा निवृत्त हुने प्रक्रिया सम्झनु पर्छ ।

(ठ) “सम्मान जनक सुविधा” भन्नाले नगरपालिकाको तर्फबाट यस कार्यविधि बमोजिम नगरपालिकाले तोकेको समयावधि भित्र प्राथमिक तहमा कार्यरत स्वेच्छिक अवकास लिने शिक्षकले नगर कार्यपालिकाको निर्णय बमोजिम पाउने थप आर्थिक सहयोग सम्झनु पर्छ ।

## परिच्छेद २
## <u>स्वेच्छिक अवकास</u>

३. **<u>स्वेच्छिक अवकास योजनाको प्रस्ताव आह्वान:</u>** (१) कार्यपालिकाले विशेष अवस्थामा सामुदायिक विद्यालयको शिक्षक व्यवस्थापन गर्ने उद्देश्यले नगर शिक्षा समितिको सिफारिसमा स्वेच्छिक अवकास योजनाको प्रस्ताव सामान्यत: २० दिनको सूचना दिई आह्वान गर्न सक्नेछ । यस प्रकारको अवकास योजनाको प्रस्ताव गर्दा लक्षित वर्ग, निवेदन दिने प्रक्रिया, समय सिमा, मूल्याङ्कन, सिफारिस तथा निर्णय गर्ने प्रक्रिया, सुविधाको प्रकृति र मात्रा समेत उल्लेख गर्नु पर्नेछ । अवकास योजनाको लागि दिइने निवेदनको ढाँचा अनुसूची १ बमोजिम हुनेछ ।

४. **<u>निवेदनको मूल्याङ्कन तथा सिफारिस:</u>** (१) दफा (३) बमोजिम प्रस्ताव आह्वान गर्दा तोकिएको समय सिमा भित्र प्राप्त निवेदनको मूल्याङ्कन तथा सिफारिस गर्न देहायका व्यक्ति रहेको मूल्याङ्कन तथा सिफारिस समिति रहने छ:

(क) प्रमुख प्रशासकीय अधिकृत, व्यास नगरपालिका -संयोजक
(ख) लेखा अधिकृत, व्यास नगरपालिका -सदस्य
(ग) नगर शिक्षा अधिकारी वा निजले तोकेको अधिकृत -सदस्य सचिव

५. **<u>निवेदनको मूल्याङ्कन तथा सिफारिसका आधार:</u>** (१) दफा (३) बमोजिम प्राप्त निवेदनको मूल्याङ्कन तथा सिफारिस देहायका आधार र मापदण्डका आधारमा गरिने छ:

(क) तोकिएको समय सिमा भित्र रितपूर्वकको निवेदन प्राप्त भएको

(ख) तोकिएको समय सिमा भित्र स्वच्छिक अवकास लिई राजिनामा पत्र समेत संलग्न राखी निवेदन पेश गरेको ।

(ग) निवृत्तीभरण पाउने सेवा अवधि पुरा भई अनिवार्य अवकासको उमेर साठी वर्ष पुग्न सबैभन्दा बढी समय बाँकी रहेको शिक्षक ।

(२) उपदफा (१) बमोजिमका आधारमा मूल्याङ्कन गरी स्वेच्छिक अवकास योजनाका लागि सिफारिस गर्दा शिक्षकको जन्म मितिका आधारमा निवृत्तीभरण पाउने सेवा अवधि पुरा भई अनिवार्य अवकासको उमेर साठी वर्ष पुग्न सबैभन्दा धेरै समय बाँकी रहेको शिक्षकलाई सबैभन्दा पहिला सिफारिस गरिने छ । सोही आधारमा सूचनामा उल्लेखित कोटाको अधिनमा रही बाँकी शिक्षकहरुलाई पनि क्रमशः सिफारिस गरिने छ ।

६. दफा ५ को उपदफा (२) अनुसार स्वेच्छिक अवकास योजनामा सुविधा पाउन छनौट भएका सामुदायिक विद्यालयका शिक्षकहरु बाहेक निवेदक अन्य शिक्षकहरुलाई यस प्रकारको कुनै सुविधा प्रदान गरिने छैन ।

७. स्वेच्छिक अवकास योजनाका लागि छनौट भएका शिक्षकहरुले जनही न्यूनत्तम २ महिनाको शुरु स्केलको रकम सुविधा नगरपालिकाको निर्णय अनुसार उपलब्ध गराइने छ ।

८. स्वेच्छिक अवकास योजनामा सहभागी भएर सुविधा लिई निवृत्त भई रिक्त भएको पदमा नगरपालिकाको प्राथमिक तहको दरबन्दी मिलानको क्रममा खुद पुलमा रहेका शिक्षकहरुलाई पदस्थापना गरी शिक्षक व्यवस्थापन सम्पन्न गरिने छ ।

९. स्वेच्छिक अवकास योजनामा सहभागी भएर सुविधा लिई निवृत हुन चाहने शिक्षकहरुलाई सम्मानजनक बिदाई गरिने छ ।

## परिच्छेद ३
## विविध

१०. यो कार्यविधि पारित हुनु अघि भए गरेका प्रक्रिया एवं कामहरु यसै कार्यविधि अनुसार भए गरेको मानिने छ ।

**११. बाधा अड्काउ फुकाउने अधिकारः** यस कार्यविधिको कार्यान्वयन गर्दा कुनै बाधा अवरोध भएमा नगर कार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ ।

अनुसूची १

अवकास योजनाको लागि दिइने निवेदनको ढाँचा

मितिः २०    ।

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू
व्यास नगरपालिका तनहुँ ।

विषयः स्वेच्छिक अवकास योजनामा सहभागी हुन पाउँ ।

उपर्युक्त सम्बन्धमा व्यास नगरपालिकाको मिति २०   ।   ।   को सूचना बमोजिम स्वेच्छिक अवकास योजनामा सहभागी भई तोकिएको सुविधा प्राप्त गर्नका लागि देहायका कागजात एवं प्रमाणहरु सहित यो निवेदन पेश गरेको छु ।

संलग्न कागजातहरु
(क) स्थायी नियुक्ति पत्र
(ख) स्वेच्छिक अवकास एवं राजिनामा स्वीकृत पत्र
(ग) नागरिकताको प्रमाण पत्र

निवेदक
शिक्षकको नाम थरः
दस्तखतः
संकेत नं.:
तह र श्रेणीः
विद्यालयको नामः

आज्ञाले
डिल्लीराम सिग्देल
प्रमुख प्रशासकीय अधिकृत